नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२७१ दायर मितिः-२०८१/११/०२**

**फैसला मितिः-२०८१/११/२१**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| **प्र.स.नि. कुमार प्रसाद मैनालीको प्रतिवेदनले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१ सिसोवारी छपकैया टोल बस्ने मन्जुर मियाँ अन्सारीको छोरा वर्ष ३० को महमद सहालम.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का
३. मैले प्रहरीलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको हुँदा मलाई प्रहरीले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका पप्पु कुमार साह समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको आंशिक ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।१०।१५ गते अं.१९:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महा नगरपालिका वडा नं.१ छपकैया टोल स्थित सार्वजनिक सडकमा प्रतिवादी महमद सहालमले आफ्नै श्रीमतिलाई कुटपिट गरी घाईते बनाएकोमा प्रहरी टोलीले निज प्रतिवादीलाई आफ्नो श्रीमतीको उपचार गराउन अस्पताल लानु भन्दा निज प्रतिवादी एक्कासी आवेशमा आई उल्टै प्रहरी टोलीलाई अश्लिल शव्दमा गाली गलौज गर्दै हातपातको प्रयास गरी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको आंशिक साविति बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीले आफ्नै श्रीमतिलाई कुटपिट गरी घाईते बनाएकोमा प्रहरी टोलीले निज प्रतिवादीलाई आफ्नो श्रीमतीको उपचार गराउन अस्पताल लानु भन्दा निज प्रतिवादी एक्कासी आवेशमा आई उल्टै प्रहरी टोलीलाई अश्लिल शव्दमा गाली गलौज गर्दै हातपातको प्रयास गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी महमद सहालमलाई कैद दिन २०, जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार र क्षतिपूर्ती शुल्क रु.२००/- मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी महमद सहालमलाई ठहरेको कैद दिन २० को हकमा निज मिति २०८१/१०/१५ देखि २०८१/११/०४ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा र.नं.२३२/२०८१/११/०५ बाट दाखिला गरेको धरौटी रकम रु.५२००/- बाट जरिवाना रकम रु.५०००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु----------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ फाल्गुन महिना २१ गते बुधवार रोज ४/ ने.सं. ११४५ चिल्लाथ्व षष्ठी,शुभम् ........